नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जलस्रोत तथा सिंचाई विभाग
भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना
वीरेन्द्रनगर, सुर्खेत

फोन नं. ०८३-५२५४३८, ०१-५५२२१६१
Email: bbdmpp@gmail.com
bbdmp.nepal@gmail.com

प. सं. :- २०७७/०७८
च. नं. :- १११

मिति: २०७७।१०।२३

श्री जिल्ला प्रशासन कार्यालय
वीरेन्द्रनगर, सुर्खेत ।

**विषय : भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको ध्यानाकर्षण भएको बारे ।**

नेपालको राष्ट्रिय गौरवको आयोजना मध्येको भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको दास्रो चरणको निर्माण कार्य (हेडवक्स, सर्ज साफ्ट तथा पावर हाउस निर्माण कार्य) निर्माण व्यवसायी M/S Guangdong Yuantian - Raman J/V द्वारा निर्माण कार्य भइरहेको छ ।

उक्त कार्यको Design Review, Quality Control र Supervision कार्य गर्नका लागि यस आयोजना र Mahab Ghodss Consulting Engineering Iran (MGCE) in association with ECoCoDE Nepal बीच मिति २०७६।०६।०६ मा सम्झौता भएको थियो । उक्त सम्झौता अनुसार परामर्शदाताले यस आयोजना का लागि Manpower mobilize गरी कार्य गर्दै आइरहेकोमा मिति २०७७।१०।१९ देखि उक्त परामर्शदाताका नेपाली तर्फका कर्मचारीहरु विगत १२ महिनादेखि तलब नपाएकोले काम गरेको अवधिको तलब सुविधा पाउ भनि सो दिन देखि कामकाज गर्न इन्कार गरी आन्दोलनमा उत्रेका र विभिन्न संचार माध्यम मार्फत आफ्ना भनाई सार्वजनिक गरेकोले यस आयोजनाको ध्यानाकर्षण भएको छ । आन्दोलनकारीद्वारा उठाइएका सवालहरुको बारेमा स्पष्ट पार्न आवश्यक महशुस गरी आयोजनाको तर्फबाट निम्नानुसार बुंदागत रुपमा स्पष्ट पार्न चाहन्छौं ।

१) आयोजनाले प्रत्यक्ष सम्झौता गरेर आन्दोलनतर कर्मचारीलाई कार्यमा खटाएको होइन । सम्बन्धित कर्मचारी संग परामर्शदाता MGCE in association with ECoCoDE ले सम्झौता गरी आयोजनाको कार्यमा खटाएको हो । तलबको व्यवस्था पनि सम्बन्धित परामर्शदाताले नै गर्नुपर्ने हुन्छ ।

२) परामर्शदाता MGCE in association with ECoCoDE का नेपाली तर्फका कर्मचारीहरुले तलब नपाएको सम्बन्धमा यस आयोजनालाइ जानकारी गराए पछि आयोजनाले उक्त परामर्शदातासंग भएको सम्झौता बमोजिम कर्मचारीहरुको तलब भत्ता तथा अन्य सुविधा तुरुन्त उपलब्ध गराउनका लागि यस आयोजनाले पटक-पटक मौखिक तथा लिखित रुपमा उक्त परामर्शदातालाई निर्देशन दिएको छ ।

३) उक्त परामर्शदाताका नेपाली तर्फका कर्मचारीहरुले पटक-पटक यस आयोजनालाई ध्यानाकर्षण गरेकोले यस आयोजनाबाट Input अनुसारको Invoice प्रत्येक महिना पेश गरी आफ्नो कर्मचारीलाई बेलैमा तलब सुविधा उपलब्ध गराउन पटक-पटक मौखिक तथा लिखित निर्देशन दिएता पनि हाल सम्म दुईवटा मात्र Invoice यस आयोजनामा पेश गरेको छ ।

आयोजना निर्देशक

Scanned by CamScanner

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जलस्रोत तथा सिंचाई विभाग
भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना
वीरेन्द्रनगर, सुर्खेत

प. सं. :- २०७७।०७८
च. नं. :- ११९

फोन नं. ०८३-५२५४३८, ०१-५५२२१६१
Email: bbdmpp@gmail.com
bbdmp.nepal@gmail.com

५) पहिलो Invoice अनुसारको रकम रु.१,३०,९९,१९६ (मु.अ.क समेत) परामर्शदाताले निकाली सकेको छ।

६) दोस्रो Invoice अनुसारको रकम रु.७५,५६,७१७ (मु.अ.क समेत) उक्त परामर्शदाताको बैंक खातामा जम्मा भइसकेको छ।

७) परामर्शदाता MGCE in association with ECoCoDE ले पेश गरेको Bio-Data यस आयोजनासंग सम्झौता गर्दाको बखतको Qualification र Experience छ कि छैन भन्ने कार्य आयोजनाले हेर्ने गर्दछ। स्वीकृत भएको व्यक्तिसंग तलब सुविधाको सम्झौता निज परामर्शदाताले नै गर्नुपर्ने हुन्छ। अत: तलब भत्ताको तथा अन्य सुविधाको बारेमा सम्बन्धित जिम्मेवारी सम्झौता गर्ने पक्षको नै हुन्छ। आयोजनाको दायित्व परामर्शदाताले पेश गरेको Invoice स्वीकृत गरी Payment गर्ने मात्र हो। Invoice पेश गर्ने दायित्व पनि परामर्शदाताको नै हो।

८) परामर्शदाता MGCE in association with ECoCoDE लाई यस आयोजनाको Construction site मा सम्झौता बमोजिमको जनशक्ति उपलब्ध नभएकोले तुरुन्त व्यवस्था गर्न निर्देशन दिइएको छ। अन्यथा सम्झौता अनुसार कारबाही अगाडी बढाउने जानकारी गराइ सकिएको छ।

९) अहिलेको कर्मचारीको तलब भत्ता उपलब्ध हुन नसक्नुमा परामर्शदाताका साझेदारहरु MGCE in association with ECoCoDE बीचको आन्तरिक मामिला नै जिम्मेवार छ। MGCE र ECoCoDE को सम्झौता र MOU अनुसार के कसरी तलब दिने भन्ने व्यवस्था उक्त दुवै पक्षहरुले गरेका सम्झौता अनुसार नै हुने र आयोजनाले त्यसमा हस्तक्षेप गर्दैन। परामर्शदाता MGCE Iran र ECoCoDE Nepal बीचको विवाद सुल्झाउन यस आयोजनाको तर्फबाट भरपुर प्रयास गरिएको छ। तर पनि Dispute बांकी नै छ। त्यसको परिणाम स्वरुप कार्यरत कर्मचारीले पाउनु पर्ने तलब लगायतका अन्य सुविधाबाट बन्चित हुनु परेको छ। जसको समस्याको मूल जड उक्त परामर्शदाताको आन्तरिक व्यवस्थापनको कमजोरी हो।

१०) जिम्मा लिएको परामर्शदाताका कर्मचारी साइटमा उपलब्ध नहुँदैमा राष्ट्रिय गौरबको आयोजना भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको कार्य बन्द गर्न सकिदैन। कार्य तालिका अनुसार नै निर्माण कार्य अगाडी बढाइने छ। परामर्शदाताले आयोजनालाई परामर्श दिई सहयोग गर्ने हो तर परामर्शदाता नहुँदैमा कार्य रोकिने अवस्था रहदैन। यस आयोजनाका कर्मचारीलाई नै व्यवस्थापन गरी गुणस्तरयुक्त निर्माण कार्य अगाडी बढाइएको छ।

११) यस्तो अवस्था सृजना भएकोमा आयोजनाको गम्भीर ध्यानाकर्षण भएको छ। आयोजनाको तर्फबाट समस्या समाधानका लागि सहजीकरण र सहयोग गरी नै रहेको र छिटो भन्दा छिटो समस्या समाधान होस् भन्ने धारणा आयोजनाको छ। तथापि समाधानका लागि मुख्य भूमिका रहेका परामर्शदाताका दुवै पक्ष पनि त्यतिकै रुपमा सचेत र सम्वेदनशील हुनु पर्ने हुन्छ। सम्बन्धित परामर्शदाताले यसरी लामो समय सम्म आफ्ना कर्मचारीहरुलाई विना तलब भत्ता काममा लगाउने कुरासंग सहमत जनाउन सकिदैन। तसर्थ सम्बन्धित परामर्शदाता Mahab Ghodss Consulting Engineering Iran (MGCE) in association with ECoCoDE Nepal को व्यवस्थापन पक्ष लाई समस्या समाधानका लागि सम्वेदनशील हुन आग्रह गर्दछ।

२०७७।१।२२

हरि नारायण यादव
का.मु. आयोजना निर्देशक
आयोजना निर्देशक

**बोधार्थ**
श्री जलस्रोत तथा सिंचाई विभाग, जावलाखेल, ललितपुर।



Scanned by CamScanner